अर्जुनधारा नगरपालिका

**नगर कार्यपालिकाको बैठक**

बैठक संख्या:७८

मिति: २०७६/१०/०४

उपस्थिति

| | | | | |
|---|---|---|---|---|
| १ | नगर प्रमुख | श्री हरिकुमार राना | अध्यक्ष | |
| २ | उप प्रमुख | श्री कमला खतिवडा आचार्य | सदस्य | |
| ३ | प्रमुख प्रशासकीय अधिकृत | श्री पंकज भूर्तेल | सचिव | |
| ४ | वडा अध्यक्ष,वडा नं १ | श्री गजाधर खतिवडा | सदस्य | |
| ५ | वडा अध्यक्ष,वडा नं २ | श्री रघुनाथ खनाल | सदस्य | |
| ६ | वडा अध्यक्ष,वडा नं ३ | श्री जीवकुमार भण्डारी | सदस्य | |
| ७ | वडा अध्यक्ष,वडा नं ४ | श्री दुर्गाप्रसाद दाहाल | सदस्य | |
| ८ | वडा अध्यक्ष,वडा नं ५ | श्री ध्यानबहादुर भारती | सदस्य | |
| ९ | वडा अध्यक्ष,वडा नं ६ | श्री लोकनाथ गौतम | सदस्य | |
| १० | वडा अध्यक्ष,वडा नं ७ | श्री नवराम ढुङ्गाना | सदस्य | |
| ११ | वडा अध्यक्ष,वडा नं ८ | श्री गोपिचन्द्र गौतम | सदस्य | |
| १२ | वडा अध्यक्ष,वडा नं ९ | श्री पुष्पकुमार प्रसाई | सदस्य | |
| १३ | वडा अध्यक्ष,वडा नं १० | श्री बलदेवसिंह गोम्देन | सदस्य | |
| १४ | वडा अध्यक्ष,वडा नं ११ | श्री भैरबबहादुर खड्का | सदंस्य | |
| १५ | कार्यपालिका सदस्य | श्री दिलमाया दास | सदस्य | |
| १६ | कार्यपालिका सदस्य | श्री खिनमान दर्जी | सदस्य | |
| १७ | कार्यपालिका सदस्य | श्री शारदाकुमारी भट्टराई | सदस्य | |
| १८ | कार्यपालिका सदस्य | श्री रमेश कुमार दर्जी | सदस्य | |
| १९ | कार्यपालिका सदस्य | श्री दिलिप गुरुङ्ग | सदस्य | |
| २० | कार्यपालिका सदस्य | श्री हरिमाया भण्डारी | सदस्य | |
| २१ | कार्यपालिका सदस्य | श्री शकुन्तला बराल | सदस्य | |
| २२ | कार्यपालिका सदस्य | श्री लक्ष्मी तामाङ्ग | सदस्य | |
| १. | आमन्त्रित | श्री सँजन कुवाल | — | |

**मिति २०७६/१०/०४ गते बसेको नगर कार्यपालिका बैठकका निर्णयहरु:**

१. विधेयक समितिमा छलफल भई आएका देहायानुसारका कार्यविधिहरु छलफल तथा स्वीकृतिका लागि छैठौं नगर सभाको बैठकमा पेश गर्ने।

| | |
|---|---|
| १ | कार्डियक डायबेटिक क्लब कार्यक्रम सञ्चालन कार्यविधि |
| २ | नगर विमा कार्यक्रम कार्यविधि |
| ३ | कृषि कार्यक्रम सञ्चालन कार्यविधि |
| ४ | समुदायमा स्वास्थ्य कर्मी परिचालन कार्यविधि |
| ५ | अर्जुनधारा नगरपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्ने ऐन |
| ६ | टोल विकास समिति गठन तथा सञ्चालन कार्यविधि |
| ७ | अर्जुनधारा नगरपालिकाको प्रशासकीय कार्यविधि |
| ८ | उपमेयर सँग आमा शिशु कार्यक्रम कार्यविधि |
| ९ | साना सिचाई विशेष कार्यक्रम कार्यन्वयन कार्यविधि |
| १० | विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि |
| ११ | सूचना तथा सञ्चार समिति सञ्चालन कार्यविधि |
| १२ | भाषा कला साहित्य सँस्कृति प्रवर्द्धन समिति सञ्चालन कार्यविधि |
| १३ | नगर खेलकुद विकास समिति सञ्चालन कार्यविधि |
| १४ | नगर युवा परिषद सञ्चालन कार्यविधि |
| १५ | मेलमिलाप कार्यसञ्चालन कार्यविधि |

२. प्रदेश सरकार कृषि विकास निर्देशनालयको आर्थिक वर्ष २०७६/०७७ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार मिति २०७६/०९/१४ मा प्रकाशित सूचना अनुसार यस नगरपालिकामा देहाय बमोजिमका आयोजनाहरु सञ्चालन गर्न प्रस्ताव पेश गर्ने।

क. कृषि बजार तथा संकलन केन्द्र निर्माण

ख. माटो परीक्षण मिनि ल्याब स्थापना सहयोग कार्यक्रम

३. वडा नं २ र ६ को कार्यालय भवन निर्माण सम्बन्धमा।

अर्जुनधारा नगरपालिकाको चालु आर्थिक वर्ष २०७६/०७७ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसार वडा नं २ र ६ को कार्यालय भवन निर्माण गर्न बोलपत्र आह्वानको प्रथम पटक सूचना प्रकाशन भएको ।उक्त सूचना बमोजिमको बोलपत्र सम्बन्धि कागजात तयार गर्दा पछिल्लो १० बर्षमा रु ९० लाख बराबरको कम्तिमा एउटा भवन निर्माण गरेको योग्यता निर्धारण गरेको ।यसरी योग्यता निर्धारण गर्दा वडा नं २ को भवन तर्फ न्यूनतम रकम कबोल गर्ने बोलपत्रदाताले योग्यताको कागजात पेश गरेको तर वडा नं ६ को भवन निर्माण तर्फको बोलपत्रदातामध्ये न्यूनतम रकम कबोल गर्ने ३ वटा बोलपत्रदाताले योग्यताको कागजात पेश नगरेकोले योग्यताको कागजात पेश गर्ने चौथो न्यून रकम कबोल गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्नुपर्ने अवस्था सृजना भएको।

उक्त अवस्थामा मूल्याङ्कन समितिले च.नं.९५९ मिति २०७६/०७/१७ गतेको पत्रबाट सार्वजनिक खरिद अनुगमन कार्यालयमा राय माग गर्ने पत्राचार गरिएकोमा उक्त कार्यालयको मिति २०७६/०८/२४ गतेको निर्णय र च.नं.६९३

हरि कुमारी रानी नगर प्रमुख

मिति २०७६/०८/२४ को पत्रबाट प्राप्त राय र मूल्याङ्कन समितिको सिफारिस अनुसार उक्त बोलपत्र नं AM/NCB/Works/01-076/077 र AM/NCB/Works/02-76/77 का बोलपत्रहरु रद्द गर्ने ।

४. यस नगरपालिका अन्तर्गत सञ्चालन हुने शैक्षिक भवन निर्माण तथा वडा कार्यालय भवन निर्माण सम्बन्धि आयोजनाहरु उपभोक्ता समिति मार्फत सञ्चालन गर्दा उपभोक्ता समितिको तर्फबाट नगद जनसहभागिता अनिवार्य नगर्नका लागि आगामी नगर सभामा प्रस्ताव पेश गर्ने ।

५. अर्जुनधारा नगरपालिका वडा नं ३ को गरुवा चौक देखि शनिश्चरे बजार सम्म सम्मको सडकविस्तार तथा कालोपत्रे योजना सञ्चालन भई रहेकोमा उक्त सडकमा पर्ने विद्युत पोल स्थानान्तरण गर्नु अति आवश्यक भएकाले सोका लागि विद्युत प्राधिकरणबाट प्राप्त लागत स्टमेट अनुसारको रकम रु १६,३०,७१९/- (सोह्र लाख तिस हजार सात सय उन्नाइस मात्र ) को ७० प्रतिशतले हुन आउने रकम उक्त पोलहरु स्थानान्तरण गर्न नेपाल विद्युत प्राधिकरणको खातामा जम्मा गरिदिने ।

६. नेपाल भ्रमण वर्ष २०२० लाई लक्षित गरी अर्जुनधारा नगरपालिकाको पर्यटकीय स्थलहरुको प्रवर्द्धन गर्दै मिति २०७६/१०/२५ गते अर्जुनधारा जलेश्वर धाम बाट साठीमुरे सहकाले (झरना समेत ) को प्रवर्द्धन गर्न रु २ लाख विनियोजन गर्ने ।

७. यस नगरपालिकाका देहायानुसारका योजनाहरु सञ्चालन गर्न प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयमा विशेष अनुदान माग गर्ने ।

क. वडा नं ११ मिलडाँडा दक्षिण जुनकिरी स्कूल हुँदै पश्चिम स्टाफ चौक उत्तर गिरिबन्धु चिया बगानको लाहुरे चौक हुँदै बिहानी चौक –बुटन चौधरीको शालिक उत्तर हुँदै बुद्ध चौक सम्म जोड्ने अनुमानित ३ कि.मी.सडक कालोपत्रे ।

ख. वडा नं ५ को ओम चौक पूर्व प्रगति चौक हुँदै जलेश्वर मार्गको दक्षिणबाट भानु मा.वि.हुँदै ओमचौक आइपुग्ने अनुमानित २ कि.मी.सडक कालोपत्रे ।

ग. विर्तामोड १ बाट मुखिनि चौक हुँदै शनिश्चरे रोड जोड्ने सडक (विभूती मार्ग )कालोपत्रे ।

घ. वडा नं १० को धाइजन मोड देखि कालिस्थान जोड्ने अन्दाजी ३ कि.मी. सडक कालोपत्रे ।

८. नगरपालिकाको पहिचान झल्कने गित रेकर्डिङ गर्नका लागि सारेगम कला केन्द्र,खुदुनाबारीलाई रु ५० हजार सहयोग उपलब्ध गराउने ।

साथै,अर्जुनधारा ५ बस्ने खेलाडी अरुण डाँगीलाई खेलकुद प्रतियोगितामा सहभागित हुन जानका लागि रु १५ हजार सहयोग उपलब्ध गराउने ।

९. नेपाल भ्रमण वर्ष २०२० तथा अर्जुनधारा महोत्सवको पूर्व तयारी स्वरुप आगामी माघ २४ गतेबाट नगरपालिकाका सबै वडाहरुमा स्वास्थ्य शिविर,कृषि पशुपंक्षी उपचार शिविर,साँस्कृतिक कार्यक्रम,खेलाडी छनौट एवं नवगठित टोल विकास समितिका पदाधिकारीहरुलाई तालिम अभिमुखिकरण एवं अन्तर्क्रिया कार्यक्रम आयोजना गर्ने ।

उक्त कार्यक्रममा विशेष सहभागिताका लागि संघीय सांसद,प्रदेश मन्त्री,प्रदेश सांसदहरुलाई विशेष अनुरोध गर्ने । कार्यक्रमको ढाँचा कार्यपालिकाको कार्यालयले तयार गरी सञ्चालन गर्ने ।

हर्क कुमार राजभण्डारी
नगर प्रमुख

१०. स्थानीय पूर्वाधार विभाग ,प्रादेशिक एवं स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम कार्यक्रम समन्वय इकाईको मिति २०७६/०९/२१ को सार्वजनिक सूचनाबाट एक सडक छनौट गरी पठाउन आह्वान गरे बमोजिम यस नगरपालिकाको वडा नं ७ को डाँडा गाउँ बाट ७ नं वडा कार्यालय हुँदै वडा नं ५ को कञ्चनबारी हुँदै वडा नं ६ को कप्तानबारी, पुष्पलाल चौक, छाता चौक हुँदै हर्कलाल मार्गको उत्तरबाट पूर्व पश्चिम राजमार्ग जोड्ने सडक कालोपत्रे गर्न प्रदेश सरकार भौतिक पूर्वाधार विकास मन्त्रालयमा प्रस्ताव पठाउने ।

११. नगर कार्यपालिकाको कार्यालयबाट सञ्चालन हुने विभिन्न कार्यक्रमहरु तथा सचेतनाका कार्यक्रमहरु समेतको समन्वय एवं सहजिकरण गरी समुदायमा त्यस्ता कार्यक्रमहरुको उपादेयता एवं ग्रामिण समुदायमा विभिन्न विषयहरुमा सचेतना एवं क्षमता अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गर्ने एक जना सामाजिक परिचालकको आवश्यकता भएको हुँदा सहायकस्तर चौथो ( खरिदार वा सो सरह ) को सेवा सुविधा उपलब्ध गराउने गरी विगतमा उत्कृष्ट कार्य सम्पादन भएका सामाजिक परिचालकहरु मध्येबाट एक जनाको सेवा लिन अनुमतिका लागि आगामी नगर सभामा पेश गर्ने ।

१२. वडा कार्यालयहरुमा कार्यरत कर्मचारीहरुलाई विशेष प्रोत्साहन गर्ने यस नगरपालिकाको नीति अनुसार कर्मचारीहरुलाई काम प्रति थप उत्तरदायी जिम्मेवार एवं उत्प्रेरित बनाउनका लागि देहायानुसारको सुविधा उपलब्ध गराउन नगर सभामा पेश गर्ने ।

क. वडा सचिवलाई मासिक १५ लि. इन्धन प्रदान गर्ने ,निजी मोटरसाइकल भएका वडा सचिवलाई मर्मत खर्चबापत बिल बमोजिम अधिकतम रु ५ हजार (वर्षको दुई पटक ) प्रदान गर्ने ,मासिक रु ५०० का दरले सञ्चार खर्च प्रदान गर्ने ।

ख. सबै स्थायी कर्मचारीहरुलाई लागू हुने गरी कार्यसम्पादनको आधारमा तलब स्केलको अधिकतम ३० प्रतिशत प्रोत्साहन भत्ता उपलब्ध गराउने ।यसको लागि सूचकमा आधारित कार्यविधि एक महिना भित्रमा तयार गरी कार्यपालिकाको बैठकले स्वीकृत गर्ने ।

ग. कार्यविधि स्वीकृत भए पश्चात प्रोत्साहन भत्ता उपलब्ध गराउने ।

१३. श्रद्धा कृषि सहकारी संस्थाबाट माग भए बमोजिम उक्त संस्थाको कृषि फार्म जाने बाटोमा जडान गर्नका लागि ह्युमपाइप जडान खर्च सम्बन्धित संस्थाले व्यहोर्ने गरी देहाय बमोजिम ह्युमपाइप उपलब्ध गराउने ।

क. १२0 CM को २ थान ।

ख. ७५ CM को २ थान ।

हरी कुमार राना मगर
नगर प्रमुख